दिप्रुङ चुईचुम्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
याङसोलाटार, खोटाङ
Diprung chuichumma Rural Municipality
Office of the Rural Municipal Executive
Yangsolatar, Khotang

प.सं : ०७६/०७७
च.नं. :

प्रदेश नं. १, नेपाल
मिति :२०७७/०२/११

## प्रेस विज्ञप्ती

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस(कोभिड-१९) ले मानव विकासलाई चुनौती दिई मानव अस्तित्वलाई नै समाप्त गर्ने गरी विश्वव्यापी संक्रमणको रुपमा फैलिएको छ । यो संक्रमणको स्थायी उपचार आजका मिति सम्म फेला परेको छैन । यसको नियन्त्रण र रोकथामका लागि अग्रपंतीमा उभिरहनु भएका सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षा निकाय, संचारकर्मी तथा सामाजिक अभियान्ताहरुलाई हृदय देखि नै नमन गर्न चाहन्छौं । संक्रमण पहिचान गर्ने पहिलो उपाय RDT परीक्षणलाई मानिएको छ । त्यसैले गाउँपालिकाले RDT Kit खरिद गरी गाउँपालिकाबाट स्थापित क्वारेन्टाईनमा बसेर निस्कनु भएका र होम क्वारेन्टाईनमा बसेर निस्कनु भएका नागरिकहरुको परीक्षण गर्ने कार्यलाई अगाडी बढाएको छ । RDT परीक्षणले कतिपय अवस्थामा सही परिणाम निकाल्न सकिरहेको छैन तथापि गाउँपालिकावासी नागरिकहरुको माग र PCR परीक्षणको अभावमा गाउँपालिका RDT परीक्षण गर्न बाध्य जस्तै भएको छ । परीक्षणका लागि जिल्लाको आधिकारिक निकाय जिल्ला स्वास्थ्य कार्यालयका Doctor सँग पटक पटक अनुरोध गर्दा पनि नागरिकहरुको स्वास्थ्य माथि खेलवाड गर्दै पटक पटक आउने आश्वासन मात्र दिदै आएको र अनेकौ किसिमका गैर कानूनी सुविधाको माग गर्ने समेत काम गरेको हुँदा यस्तो कार्यप्रति गाउँपालिका दुःखी छ । साथै एकजना व्यक्तीको कारण सम्पूर्ण स्वास्थ्यकर्मी र स्वास्थ्य संस्था माथि औला ठडिने चिन्ता उब्जिएको छ । यस्तो महामारीको अवस्थामा सधै अग्रपंतीमा रही नागरिक सेवामा लाग्नु पर्ने स्वास्थ्यकर्मीले यसरी विभिन्न बहानाबाजी बनाई स्थानीय सरकार सँग अनेकौ माग राख्दै नागरिकको स्वास्थ्य माथी खेलवाड गर्दा के कोभिड-१९ लाई रोकथाम तथा नियन्त्रण गर्न सकिन्छ ? यस्ता प्रवृति र संस्कारको बेलैमा उपचार हुन आवश्यक छ । यता तिर सबैको ध्यान जान जरुरी छ । एकातिर रोग र भोक छ भने अर्को तिर यस्तो खालको प्रवृति नेपाली नागरिकले धान्न सकिदैन । त्यसैले यस्तो प्रवृतिको विरुद्ध हाम्रो ध्यान गम्भिर रुपमा आकृष्ट भएको छ ।

गाउँपालिकामा जिल्ला भन्दा बाहिरबाट आएका र स्थापित क्वारेन्टाईनमा बसेका नागरिकहरुलाई RDT परिक्षणको लागि पूर्व तयारी गरी सकेपछि विज्ञ व्यक्तित्वबाट अन्तिम अवस्थामा धोका दिए पछि पनि गाउँपालिकाका स्वास्थ्यकर्मीहरुले आफ्नो अनुभव शीप, क्षमता तथा दक्षताको प्रयोग गर्दै आफ्नो स्वास्थ्यको ख्याल नगरी आज मिति २०७७/०२/११ गते गाउँपालिकाका जम्मा १३७ जना नागरिकहरुको RDT परीक्षण गर्नु भएकोमा गाउँपालिकाका स्वास्थ्यकर्मीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छौं साथै सबैको नतिजा नेगेटिभ प्राप्त भएको जानकारी पनि गराउन चाहान्छौं । अन्त्यमा एक जनाको कारण कोरोना भाइरस (कोभिड-१९) विरुद्ध अग्रमोर्चामा लडिरहनु भएका स्वास्थ्यकर्मीहरुको इज्जतमा दाग नलागोस् भन्नेमा हामी सचेत छौं ।

धन्यवाद ।

..................
भुपेन्द्र राई
गाउँपालिका अध्यक्ष

भुपेन्द्र राई
गाउँपालिका अध्यक्ष